# उपभोक्ता मूल्य सङ्कलन तथा निरीक्षण

# निर्देशिका

## २०७३

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
अनुसन्धान विभाग
मूल्य महाशाखा
२०७३

# उपभोक्ता मूल्य सङ्कलन तथा निरीक्षण निर्देशिका २०७३

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १११ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक सञ्चालक समितिले देहायको निर्देशिका बनाएको छ :

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "उपभोक्ता मूल्य सङ्कलन तथा निरीक्षण निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका सञ्चालक समितिको मिति २०७३/०४/२४ मा बसेको ३३/२०७३ बैठकबाट पारित भई लागू भएको छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "बैंक" भन्नाले ऐन अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "सञ्चालक समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले अनुसन्धान विभाग सम्झनु पर्छ ।

(ङ) "विभागीय प्रमुख" भन्नाले अनुसन्धान विभागको प्रमुखलाई सम्झनु पर्छ ।

(च) "महाशाखा" भन्नाले अनुसन्धान विभाग अन्तर्गतको मूल्य महाशाखा सम्झनुपर्छ ।

(छ) "कार्यालय" भन्नाले केन्द्रीय कार्यालय र सो अन्तर्गत स्थापना भएका बैंकका सम्पूर्ण विभाग वा कार्यालय सम्झनु पर्छ ।

(ज) "निर्देशिका" भन्नाले नेपाल राष्ट्र बैंक, उपभोक्ता मूल्य सङ्कलन तथा निरीक्षण निर्देशिका, २०७३ सम्झनु पर्छ ।

(झ) "मूल्य सङ्कलक" भन्नाले मूल्य सङ्कलनको लागि अनुबन्धित शिक्षकहरू सम्झनु पर्छ । यस शब्दले मूल्य सङ्कलकले कार्य नगरेको अवस्थामा मूल्य सङ्कलन कार्य गर्नको लागि अनुबन्धित शिक्षकलाई समेत बुझाउने छ ।

(ञ) "विद्यालय" भन्नाले मूल्य सङ्कलक शिक्षक कार्यरत सामुदायिक/सरकारी विद्यालय सम्झनु पर्छ ।

(ट) "बजार केन्द्र" भन्नाले अनुसूची-१ मा तोकिएका बजार केन्द्र सम्झनु पर्छ ।

(ठ) "खुल्ला बजार मूल्य" भन्नाले सम्पूर्ण उपभोक्ताको पहुँच भएको बजारको माग र आपूर्तिको अन्तरक्रियाबाट निर्धारित अन्तिम उपभोक्ता मूल्यलाई सम्झनु पर्छ ।

(ड) "वस्तु डालो" भन्नाले साप्ताहिक मूल्य सङ्कलनको लागि निर्धारित ६८ वटा वस्तु तथा सेवाहरू, मासिक मूल्य सङ्कलनको लागि निर्धारित १४१ वटा वस्तु तथा सेवाहरू र त्रैमासिक मूल्य सङ्कलनको लागि निर्धारित २८७ वटा वस्तु तथा सेवाहरू गरी कूल ४९६ वटा वस्तु तथा सेवाहरूको डालो सम्झनु पर्छ ।

(ढ) "सीमावर्ती मूल्य" भन्नाले छिमेकी भारतीय बजारका तोकिएका केन्द्रबाट सङ्कलित उपभोक्ता मूल्य सम्झनु पर्छ ।

## परिच्छेद - २

## मूल्य सङ्कलक, बजार केन्द्र र मूल्य सङ्कलन गरिने वस्तुहरू

३. **मूल्य सङ्कलक** : (१) नेपाल राष्ट्र बैंकले उपभोक्ता मूल्य सूचकाङ्क निर्माण गर्ने प्रयोजनको लागि सम्बन्धित बजार केन्द्रमा रहेका सरकारी/सामुदायिक विद्यालयका शिक्षक/शिक्षिकाहरू मध्येबाट "मूल्य तथ्याङ्क सङ्कलन कार्यका लागि विद्यालय र मूल्य तथ्याङ्क सङ्कलक छनौट सम्बन्धी मार्गदर्शन, २०७२" बमोजिम छानिएका सङ्कलक मार्फत मूल्य सङ्कलन गराइनेछ ।

(२) बैंकबाट मूल्य सङ्कलनका लागि छनौट भएका मूल्य सङ्कलक शिक्षक/शिक्षिकाहरूलाई परिचय पत्र उपलब्ध गराइनेछ । मूल्य सङ्कलकले बैंकबाट उपलब्ध गराएको परिचय पत्र साथमा लिएर मात्र मूल्य सङ्कलन गर्न जानु पर्नेछ ।

(३) मूल्य सङ्कलकलाई बैंकबाट उपलब्ध गराइने परिचय पत्रको नमूना अनुसूची-४ बमोजिम हुनेछ ।

(४) बैंकले मूल्य सङ्कलकलाई नियमानुसार तोकिएको पारिश्रमिक प्रदान गर्नेछ ।

(५) मूल्य सङ्कलकले आ-आफ्नो जिम्मेवारी इमानदारिताका साथ निर्वाह गर्नुपर्नेछ ।

(६) बैंकले मूल्य सङ्कलकसँग सुरुमा दुई वर्षको लागि सम्झौता गर्नेछ ।

(७) तोकिएको जिम्मेवारी नियमानुसार पूरा नगरेमा वा बदनियतपूर्वक काम गरेमा वा बैंकलाई हानी नोक्सानी पुऱ्याउने काम गरेमा वा गोपनीयता भङ्ग हुने काम गरेमा मूल्य सङ्कलकलाई जुनसुकै समयमा जिम्मेवारीबाट मुक्त गरिनेछ ।

(८) बैंक र मूल्य सङ्कलकबीचको सम्झौता अनुसूची-५ अनुसारको हुनेछ ।

४. **मूल्य सङ्कलन बजार केन्द्र** : (१) बैंकले उपभोक्ता मूल्य सङ्कलन गर्नका लागि अनुसूची-१ बमोजिमका बजार केन्द्रहरू निर्धारण गरेको छ ।

(२) मूल्य सङ्कलकले सम्बन्धित बजार केन्द्रबाटै मूल्य सङ्कलन गर्नुपर्नेछ ।

५. **मूल्य सङ्कलन गरिने वस्तुहरू** : (१) बैंकले उपभोक्ताले उपयोग गर्ने वस्तु तथा सेवाहरू मध्येबाट पाँचौं पारिवारिक बजेट सर्वेक्षण आयोजनाले सिफारिस गरेका वस्तु तथा सेवाहरूको मूल्य संकलन गर्नेछ ।

(२) मूल्य सङ्कलकले उपदफा (१) अनुसारको वस्तु डालोमा भएका निर्धारित वस्तु तथा सेवाहरूको मात्र अन्तिम उपभोक्ता मूल्य सङ्कलन गर्नुपर्नेछ ।

६. **<u>मूल्य सङ्कलनको आवृत्ति</u>** : (१) उपभोक्ता मूल्य साप्ताहिक, मासिक तथा त्रैमासिक रूपमा अनुसूची-३ बमोजिम सङ्कलन गरिनेछ ।

(२) मूल्य सङ्कलन गर्दा अवलम्बन गरिने विधि परिच्छेद - ३ मा उल्लेख गरे बमोजिम हुनेछ ।

७. **<u>मूल्य सङ्कलन गरिने वस्तु तथा सेवाहरूको समूह र उप-समूह</u>** : (१) मूल्य सङ्कलन गरिने वस्तु तथा सेवाहरूको समूह र उप-समूह अनुसूची-२ बमोजिम हुनेछ ।

(२) मूल्य सङ्कलकले वस्तु तथा सेवाहरूको सम्बन्धित समूह तथा उप-समूहकै मूल्य सङ्कलन गर्नुपर्नेछ ।

## परिच्छेद - ३
## मूल्य सङ्कलन विधि

८. **<u>अन्तिम उपभोक्ता मूल्य</u>** : (१) मूल्य सङ्कलकले निर्धारित वस्तु डालो (Commodity Basket) मा रहेका वस्तु तथा सेवाहरूको सम्बन्धित बजार केन्द्रमा रहेका स्रोत पसलहरूबाट बिक्री गरिने र अन्तिम उपभोक्ताले खरिद गर्ने मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(२) प्रत्येक बजार केन्द्रमा छनौट भएका दुई जना मूल्य सङ्कलकलाई बैंकको वेब एप्लिकेसनमा Login गर्न भिन्नाभिन्नै User ID दिइनेछ । T1 User ID भएका सङ्कलकले सङ्कलन गरेको मूल्य T2 User ID भएका सङ्कलकले भेरिफिकेसन गर्नु पर्दछ । त्यस्तै T2 User ID भएका सङ्कलकले सङ्कलन गरेको मूल्य T1 User ID भएका सङ्कलकले भेरिफिकेसन गर्नु पर्दछ । मूल्य सङ्कलनको लागि एक जना सङ्कलक मात्र जानु पर्नेछ तथा अर्को सङ्कलकले आवश्यकता अनुसार बजार गई जाँचबुझ गरी मूल्य भेरिफिकेसन गर्नुपर्नेछ । दुबै जना सङ्कलकले मूल्य सङ्कलन र भेरिफिकेसनको काम पालैपालो गर्नुपर्नेछ ।

(३) मूल्य सङ्कलकले मूल्य सङ्कलन गर्न जानुपूर्व बैंकको वेब एप्लिकेसनबाट सम्बन्धित बजार केन्द्रको लागि निर्धारित फाराम डाउनलोड गर्नुपर्नेछ ।

(४) मूल्य सङ्कलकले मूल्य सङ्कलनका लागि बैंकबाट तोकिएका तीनवटै स्रोत पसलबाट मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(५) तोकिएको स्रोत पसलबाट बिक्रेताहरूलाई थोक मूल्यमा पनि वस्तु वा सेवा बिक्री गरिने रहेछ भने सो मूल्य सङ्कलन नगरी अन्तिम उपभोक्ताले उपभोग गर्ने गरी बिक्री गरेको खुद्रा मूल्य मात्र सङ्कलन गर्नुपर्नेछ ।

(६) कुनै आवश्यक उपभोग्य वस्तु तथा सेवाको मूल्य नेपाल सरकार वा स्थानीय प्रशासनद्वारा निर्धारण गरेको रहेछ र सो वस्तु तथा सेवाको उपभोक्ताहरूको आवश्यकता पूर्ति हुने गरी बजारमा उपलब्ध छ भने उक्त निर्धारित मूल्यलाई नै खुल्ला बजारको मूल्य मानी सङ्कलन गर्नुपर्नेछ ।

(७) उपदफा (६) मा जेसुकै लेखिएको भए तापनि नेपाल सरकार वा स्थानीय प्रशासनद्वारा निर्धारित मूल्यमा उपभोक्ताहरूलाई दैनिक रूपमा उपभोग गर्न आवश्यक पर्ने परिमाणमा उक्त वस्तु वा सेवा उपलब्ध रहेनछ वा आम उपभोक्ताले उपभोग गर्ने गरेको नपाइएमा त्यस्तो नियन्त्रित मूल्यलाई खुल्ला बजारको मूल्य मानिने छैन ।

(८) मूल्य नियन्त्रण गरिएका वस्तु तथा सेवाहरू बजारमा पर्याप्त मात्रामा उपलब्ध नभई दुबै मूल्य चलनचल्तीमा भएमा आम उपभोक्ताले जुन मूल्यमा वस्तु वा सेवाको उपभोग गर्छन् सोही मूल्यलाई नै उपभोक्ता मूल्य मानी सङ्कलन गर्नुपर्नेछ ।

(९) उपदफा (८) बमोजिमको मूल्य सङ्कलन गरी पठाएमा अभावको कारण, औसत उपभोगको लागि आवश्यक पर्ने उक्त वस्तु वा सेवामध्ये कति प्रतिशत नियन्त्रित मूल्यमा र कति प्रतिशत खुल्ला बजारबाट आपूर्ति भइरहेछ भन्ने सूचना तथा मूल्यसँग सम्बन्धित अन्य सूचनाहरू समेत सङ्कलन गरी कैफियतमा उल्लेख गर्नुपर्नेछ ।

९. **स्रोत पसल** : (१) मूल्य सङ्कलकले तोकिएका स्रोत पसलबाट मात्र मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(२) वस्तु वा सेवाको प्रकृति, आपूर्ति नियमितता, स्रोत पसलको स्थायित्व, स्रोत पसलको सहयोगी भावना र लोकप्रियतालाई पचास प्रतिशत भार र वस्तु तथा सेवाको उपलब्धता र बजार केन्द्रमा स्रोत पसलको उपलब्धतालाई पचास प्रतिशत भार दिई कुल अङ्कको आधारमा उपलब्ध स्रोत पसलहरूमध्येबाट महाशाखाले तीनवटा स्रोत पसल तथा एक वैकल्पिक पसल छनौट गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्रोत पसल छनौट गर्दा सम्भव भएसम्म समग्र बजारको प्रतिनिधित्व गर्ने गरी बजारका फरक फरक स्थानबाट चयन गरिनेछ ।

(४) प्रत्येक वस्तु वा सेवाको लागि तोकिएका सबै स्रोत पसलबाट मूल्य सङ्कलन गर्नुपर्नेछ ।

१०. **वैकल्पिक स्रोत पसल** : (१) तोकिएको समयमा कुनै एक स्रोत पसल बन्द भएमा दफा ९ को उपदफा (२) बमोजिमको वैकल्पिक पसलबाट उपलब्ध मूल्य र तोकिएका दुई स्रोत पसलबाट उपलब्ध मूल्य समेतलाई विचार गरी सङ्कलकले उपयुक्त ठहराएको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(२) उपदफा (१) अनुसारको वैकल्पिक पसलबाट मूल्य सङ्कलन गर्दा देहायको विवरण समेत सङ्कलन गर्नुपर्नेछ ।

(क) पसलको नाम
(ख) पसलधनीको नाम
(ग) पसलको पूरा ठेगाना
(घ) सम्पर्क टेलिफोन नम्बर

(३) मूल्य सङ्कलन गर्न तोकिएको दिनमा कुनै वस्तु वा सेवाको लागि तोकिएका मुख्य स्रोत पसलहरूमध्ये दुई वटा वा सबै स्रोत पसलहरू बन्द रहेको अवस्थामा वैकल्पिक स्रोत पसलबाट मूल्य सङ्कलन नगरी अर्को दिन ती स्रोत पसलहरू खुलेपछि मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(४) कुनै कारणले मूल्य सङ्कलनका लागि तोकिएको दिन बजार बन्द हुन गएमा वस्तु वा सेवाहरूको मूल्य अर्को दिन बजार खुल्नासाथ उपदफा (३) बमोजिम सम्बन्धित मुख्य स्रोत पसलहरूबाट नै सङ्कलन गर्नुपर्नेछ ।

(५) उपरोक्त बमोजिम मूल्य सङ्कलनका लागि तोकिएको दिनमा बन्द रहेका मुख्य स्रोत पसलहरू अर्को दिन पनि बन्द नै रहेको पाइएमा मूल्य सङ्कलकले महाशाखालाई तुरुन्त जानकारी गराउनु पर्नेछ र महाशाखाको आवश्यक निर्देशन अनुसार मूल्य सङ्कलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) कुनै स्रोत पसल बन्द भई अनुमानित मूल्य राखेको अवस्थामा वा तोकिएको दिन भन्दा फरक दिनमा मूल्य सङ्कलन गरिएको अवस्थामा अपनाइएको विकल्प र सोको कारणको बारेमा महाशाखामा जानकारी गराउनुको साथै मूल्य सङ्कलन फारामको कैफियत महलमा समेत उल्लेख गर्नुपर्नेछ ।

(७) कुनै स्रोत पसल लगातार तीन पटकसम्म पनि बन्द रहेमा सो बन्द हुनुको कारण र निकट भविष्यमा सुचारु हुनसक्ने/नसक्ने सम्भावना पत्ता लगाउनु पर्नेछ । निकट भविष्यमा सुचारु हुनसक्ने सम्भावना नभएमा दफा (९) को उपदफा (२) बमोजिम छानिएको पसलबाट नियमित रूपमा मूल्य सङ्कलन गर्ने स्वीकृतिको लागि आवश्यक विवरणसहित महाशाखामा अनुरोध गर्नुपर्नेछ । स्वीकृतिपश्चात् बन्द पसललाई विस्थापन गरी वैकल्पिक पसलबाट नियमित रूपमा मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(८) थानको कपडा जस्तो स्पष्ट ब्राण्ड नखुल्ने वस्तुहरूको सम्बन्धमा तत्काल मूल्य सङ्कलनको लागि वस्तु नपाइएमा सोको सट्टामा समान गुणस्तर, समान मूल्य र समान साइज भएको वस्तुको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

**११. <u>परिमाण</u>** : (१) मूल्य सङ्कलनको लागि उपलब्ध गराइएको फारममा तोकिएको परिमाण अनुसार नै वस्तुको मूल्य सङ्कलन गर्नुपर्नेछ । उदाहरणको लागि किलोग्राम, मिटर, लिटर आदिमा परिमाण तोकिएको रहेछ भने सोही तौलको वस्तुको मात्र मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(२) निश्चित परिमाणको प्याकेजिङमा उपलब्ध हुने वस्तुको सम्बन्धमा, त्यस्ता वस्तुहरू तोकिएको तौलको प्याकेजिङमा उपलब्ध नभई तौल परिवर्तन भएमा नयाँ तौललाई साविककै तौलमा परिणत गरी सोही अनुसारको मूल्य सङ्कलन गर्नुपर्नेछ । तौल समायोजन गर्दा निम्न सूत्र प्रयोग गर्नुपर्नेछ :

$$\text{सङ्कलन गर्ने मूल्य} = \frac{\text{तोकिएको तौल}}{\text{हाल उपलब्ध तौल}} \times \text{हालको बजार मूल्य}$$

उदाहरणको लागि कुनै वस्तुको तोकिएको परिमाण २५० ग्राम रहेकोमा बजारमा २०० ग्रामको प्याकेजिङमा मात्र उपलब्ध भएमा र सो वस्तुको मूल्य रु.७०।- पर्ने भएमा समायोजनपश्चात् सो वस्तुको सङ्कलन गर्नुपर्ने मूल्य रु.८७५० हुन आउँछ ।

$$\text{सङ्कलन गर्ने मूल्य} = \frac{\text{तोकिएको तौल}}{\text{हाल उपलब्ध तौल}} \times \text{हालको बजार मूल्य} = \frac{२५०}{२००} \times ७० = ८७५०$$

(३) तोकिएको वस्तुको व्यापार प्रबर्द्धनको लागि निर्माता वा बिक्रेताद्वारा एउटा किन्दा एउटा सित्तैमा (Buy one get one free), तीन वा छ इकाई वस्तुको एकमुष्ठ सुपथ मूल्य प्रस्ताव आदि जस्ता योजनाहरू (Schemes) सञ्चालन गरेको अवस्थामा निम्न बमोजिको सूत्र प्रयोग गरी मूल्य सङ्कलन गर्नुपर्नेछ :

$$\text{सङ्कलन गर्ने मूल्य} = \frac{\text{बिक्रेताद्वारा प्रस्तावित मूल्य}}{\text{योजनामा समावेश गरिएको कुल इकाई}}$$

(४) व्यापार प्रबर्द्धनकै सिलसिलामा ठूलो प्याकेट किन्दा सोही वस्तुको सानो प्याकेट उपहार दिने प्रस्ताव (५०० मि.लि.को स्याम्पु किन्दा १०० मि.लि.को स्याम्पु सित्तैमा) जस्ता उपहार योजना सञ्चालन भएको अवस्थामा मूल्य सङ्कलन गर्दा उपहार स्वरूप प्राप्त अतिरिक्त तौल समेत समावेश गरी निम्न बमोजिमको सूत्र प्रयोग गर्दा हुन आउने समानुपातिक मूल्य सङ्कलन गर्नुपर्नेछ :

$$\text{सङ्कलन गर्ने मूल्य} = \frac{\text{तोकिएको तौल}}{\text{उपहार समेत कूल तौल}} \times \text{हालको बजार मूल्य}$$

(५) कुनै एक प्रकारको वस्तु किन्दा अर्कै वस्तुको उपहार दिने (प्याकेज) योजना सञ्चालनमा रहेको अवस्थामा मूल्य सङ्कलन गर्दा उपहार प्याकेजमा मूल्य उल्लेख नगरिएको अवस्थामा तोकिएको वस्तुको मूल्य मात्र सङ्कलन गर्ने, तर उपहार प्याकेजमा मूल्य उल्लेख नै गरिएको रहेछ भने निम्न बमोजिमको सूत्रमा जस्तै उपहारको आधा मूल्य वस्तुको बजार मूल्यबाट घटाई बाँकी मूल्य मात्र सङ्कलन गर्नुपर्नेछ ।

$$\text{सङ्कलन गर्ने मूल्य} = \text{बजार मूल्य} - \frac{\text{उपहारको मूल्य}}{२}$$

(६) मूल्य सङ्कलन गर्दा व्यापार प्रबर्द्धनको लागि वा अन्य कुनै उत्सव वा मेला पर्वको उपलक्ष्यमा कुनै वस्तुको मूल्यमा नगद छुट दिएको रहेछ भने त्यस्तो छुट घटाई हुन आउने खूद मूल्य मात्र सङ्कलन गर्नुपर्नेछ ।

(७) विभिन्न उपहार वा छुट योजना सञ्चालन गरी वस्तु वा सेवाको बिक्री वितरण गरिएको अवस्थामा उपदफा (२), (३), (४), (५), र (६) मा उल्लेख गरिए बमोजिम समायोजन गरिएको मूल्य सङ्कलन गर्नको लागि सो योजनाहरूको सम्बन्धमा आम उपभोक्तालाई जानकारी भएको र सर्वसाधारण उपभोक्ताको सर्वसुलभ पहुँच भएको हुनुपर्नेछ । कुनै व्यक्ति विशेष वा सीमित उपभोक्ता वर्गलाई दिइएको उपहार वा छुट सङ्कलन गरिने मूल्यमा समायोजन गर्न पाइने छैन । यस्तो अवस्थामा खुल्ला बजार मूल्य सङ्कलन गर्नुपर्नेछ ।

१२. **हचुवाको भरमा खरिद बिक्री हुने वस्तु** : (१) तौल उल्लेख नगरी प्याकेटमा वा मुठामा वा हचुवाको भरमा खरिद बिक्री हुने सागपात, लौका, फर्सी जस्ता हरिया तरकारी, पोलेको मकै, वा केरा, स्तरीयकरण नभएका भाँडोको नापमा बिक्री हुने वस्तु आदिको सम्बन्धमा सम्भव भएसम्म उक्त वस्तुको तौल वा नाप वा आयतन यकीन गर्नुपर्नेछ । तौल, नाप वा आयतन तोकिए बमोजिम नभई फरक भएमा दफा ११ को उपदफा (२) बमोजिमको सूत्र प्रयोग गरी समायोजित मूल्य गणना गरी सङ्कलन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुहरूको तौल, नाप वा आयतन यकीन गर्न सम्भव नभएको अवस्थामा सकेसम्म समान साईजको वस्तुको मूल्य सङ्कलन गर्नुपर्नेछ । समान साईजको वस्तु पनि उपलब्ध हुन नसकेमा वस्तुको परिमाण परिवर्तन हुँदा वास्तविक मूल्यमा पनि परिवर्तन हुन्छ भन्ने तथ्यलाई हृदयङ्गम गर्दै बजार मूल्यको प्रतिनिधित्व हुने गरी अनुमानित मूल्य सङ्कलन गर्नुपर्नेछ ।

१३. **ब्राण्ड** : (१) मूल्य सङ्कलनको लागि तोकिएको वस्तुको तोकिएकै ब्राण्डको मात्र मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(२) तोकिएको ब्राण्ड बजारमा अस्थायी रूपले उपलब्ध नभएमा र अर्को अवधिको मूल्य सङ्कलन गर्दा उपलब्ध हुने प्रबल सम्भावना भएमा गत अवधिको मूल्यलाई नै निरन्तरता दिनुपर्नेछ ।

(३) तोकिएको ब्राण्ड कुनै स्रोत पसलमा उपलब्ध नभएमा दफा १० को उपदफा (१) बमोजिमको प्रक्रिया अपनाई अनुमानित मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(४) तोकिएको ब्राण्ड बजारमा उपलब्ध नभएमा र भविष्यमा पनि उपलब्ध हुनसक्ने सम्भावना नरहेमा महाशाखाको अनुमति लिई उक्त ब्राण्डको सट्टा सोही वस्तुको समान गुणस्तर र समान मूल्यको अर्को वस्तुको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

१४. **गुणस्तर** : (१) ब्राण्ड नखुलेका खुल्ला चामल, दाल, च्युरा, आलु (जस्ता) आदि वस्तुहरूको मूल्य सङ्कलन गर्दा तोकिएकै गुणस्तरयुक्त वस्तुको मात्र मूल्य सङ्कलन गर्नुपर्नेछ । त्यस्तै सागसब्जी तथा तरकारी उप-समूहमा सकेसम्म ताजा सागसब्जीहरूको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(२) गुणस्तर उल्लेख गर्न नमिल्ने वा नगरेको वस्तुको मूल्य सङ्कलन गर्दा पहिलो पटक वा गत अवधिमा जुन गुणस्तरयुक्त वस्तुको मूल्य सङ्कलन गरेको हो सोही गुणस्तरयुक्त वस्तुको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम मूल्य सङ्कलन गरिएका वस्तुहरूको गुणस्तरको बारेमा कैफियत महलमा उल्लेख गर्नुपर्नेछ ।

(४) अर्को पटक मूल्य सङ्कलन गर्दा उपदफा (१) बमोजिमको गुणस्तरको वस्तु अस्थाई रूपले बजारमा उपलब्ध नभएमा गत अवधिकै मूल्यलाई निरन्तरता दिनुपर्नेछ । कुनै एक स्रोत पसलमा मात्र उपलब्ध नभएमा दफा १० को उपदफा (१) बमोजिमको प्रक्रिया अपनाई अनुमानित मूल्य सङ्कलन गर्नुपर्दछ । स्थायी रूपले उपलब्ध नहुने सम्भावना प्रवल भएमा दफा १० को उपदफा (८) बमोजिमको प्रक्रिया अपनाई महाशाखाको स्वीकृतिमा आम उपभोक्ताले उपभोग गर्ने लगभग समान गुणस्तरको वस्तुले प्रतिस्थापन गरी सोही वस्तुको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

**१५. ऋतुगत वस्तुहरू** : (१) हरियो तरकारी र फलफूलहरू जस्ता निश्चित ऋतुहरूमा मात्र पर्याप्त मात्रामा उपलब्ध हुने तर अन्य ऋतुहरूमा कम उपलब्ध हुने वा उपलब्ध नहुने वस्तुहरूलाई ऋतुगत वस्तु अन्तर्गत राख्नुपर्नेछ ।

(२) सम्बन्धित ऋतुमा यस्ता वस्तुहरूको मूल्य सामान्य रूपमा सङ्कलन गर्नुपर्नेछ ।

(३) उपदफा (१) अनुसारका वस्तुहरू बजारमा नपाइने मौसम भएमा र वस्तु पनि उपलब्ध नभएमा मूल्य सङ्कलन गर्नुहुँदैन तर कैफियत महलमा वस्तु उपलब्ध नहुनुको कारण उल्लेख गर्नुपर्नेछ ।

(४) उपदफा (१) अनुसारका वस्तुहरू पाइने ऋतु नभए तापनि भण्डारण गरी वा आयात गरी बजारमा उपलब्ध भएको, तर मूल्य असामान्य रूपले बढी भई आम उपभोक्ताले उपभोग गर्न सक्ने अवस्था नरहेमा यस्ता वस्तुको मूल्य सङ्कलन गरी कैफियत महलमा सामान्यतयाः हुनुपर्ने मूल्य, नियमित र सर्वसुलभ रूपमा उक्त वस्तु पाइने अवधि, मूल्य अत्यधिक बढी हुनुका अन्य कारण भएमा सो कारण, वस्तुको माग र आपूर्तिको अवस्था, त्यस वस्तुको सट्टामा प्रतिस्थापन वस्तु आदि सूचनाहरू उल्लेख गर्नुपर्नेछ ।

**१६. मूल्य घटबढको कारण खुलाउनु पर्ने** : (१) बजार मूल्य सङ्कलन गर्न जाँदा अघिल्लो अवधिको मूल्य विवरण पनि सँगै लिएर जानु पर्दछ । मूल्य सङ्कलन गर्ने क्रममा गत अवधिमा सङ्कलित मूल्य र हालको बजार

मूल्य तुलना गरी हेर्नु पर्दछ । यी मूल्यमा १० प्रतिशत भन्दा बढी उतारचढाव भएमा सम्बन्धित व्यापारीहरूसँग सोको कारण समेत सोधी कैफियत महलमा उल्लेख गर्नुपर्नेछ ।

(२) मासिक र त्रैमासिक रूपमा मूल्य सङ्कलन गरिने वस्तु वा सेवाको मूल्य सङ्कलनको लागि तोकिएको दिनभन्दा पहिले नै परिवर्तन भएको पाइएमा साप्ताहिक मूल्य सङ्कलन गर्ने क्रममा सोको जानकारी राख्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमका वस्तुहरूको मूल्य उक्त अवधिको बीचमा परिवर्तन भई सङ्कलनको समयमा गत अवधिको मूल्यसँग समान भएमा बीच अवधिको मूल्य र परिवर्तन हुनाको कारण समेत पत्ता लगाई कैफियत महलमा उल्लेख गर्नुपर्नेछ ।

१७. **वस्तुको प्रतिस्थापन** : (१) उपभोक्ताको रुचिमा फरक, प्रतिस्पर्धाको स्थिति, प्रविधिको विकास आदिले गर्दा मूल्य सङ्कलनको लागि तोकिएका कुनै पनि समूह वा उप-समूह अन्तर्गतका वस्तुहरू केही समयपछि वा कालान्तरमा अप्राप्य हुने सम्भावना रहने भएको हुनाले कुनै पनि वस्तुको मूल्य सङ्कलनको समयमा बजारमा उपलब्ध नभएमा सोको कारण र भविष्यमा उपलब्ध हुनसक्ने वा नसक्ने बारेमा आवश्यक जानकारी हासिल गर्नुपर्नेछ ।

(२) उक्त वस्तु अस्थायी रूपमा बजारमा उपलब्ध नभएको तर निकट भविष्यमा उपलब्ध हुने प्रबल सम्भावना भएमा गत अवधिकै मूल्यलाई निरन्तरता दिनुपर्नेछ ।

(३) उक्त वस्तु भविष्यमा बजारमा उपलब्ध हुने सम्भावना नरहेमा सोको सट्टामा आम उपभोक्ताद्वारा उपभोग गरिने अर्को वस्तु वा सेवा छनौट गरी सो वस्तु वा सेवाको नाम, उत्पादक कम्पनी, उत्पादक कम्पनीको ठेगाना, उत्पादन सुरु मिति, ब्राण्ड, तौल, विगत दुई सङ्कलन अवधिको सहित वर्तमान मूल्य, साविक र नयाँ वस्तुको मूल्य, तौल तथा गुणस्तरको फरक, उक्त वस्तु उपलब्ध हुने सम्भावित स्रोत पसलहरू, तोकिएको भन्दा अरू स्रोत पसल भएमा ती स्रोत पसलहरूको विस्तृत विवरण, अन्य प्रतिस्पर्धी वस्तु/ब्राण्डहरू तथा अन्य सम्बन्धित

सूचनाहरू संलग्न गरी प्रतिस्थापनको लागि महाशाखामा अनुरोध गर्नुपर्नेछ ।

(४) महाशाखाले प्रतिस्थापनको स्वीकृति दिएपछि साविकको वस्तुको स्थानमा नयाँ वस्तुलाई प्रतिस्थापन गरी सोही वस्तुको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

१८. **सीमावर्ती बजारको मूल्य सङ्कलन** : (१) महाशाखाले सीमावर्ती क्षेत्रका निर्धारित भारतीय बजार केन्द्रहरूबाट तोकिएका वस्तुहरूको उपभोक्ता मूल्य सङ्कलन गर्नेछ ।

(२) सीमावर्ती उपभोक्ता मूल्य सङ्कलनको लागि छानिएका भारतीय बजार केन्द्रहरू तथा सङ्कलन गर्नुपर्ने वस्तुहरूको विवरण अनूसूची-६ मा उल्लेख भएअनुसार हुनेछ ।

## परिच्छेद - ४
## मूल्य सङ्कलन अवधि

१९. **मूल्य सङ्कलन गर्ने दिन** : (१) तोकिएको दिनमा मात्र मूल्य सङ्कलन गर्नुपर्नेछ । मूल्य सङ्कलन गर्ने दिन देहाय बमोजिम तोकिएको छ ।

**मूल्य सङ्कलन गर्ने दिनहरूको तालिका**

| **क.सं.** | **मूल्य सङ्कलन गरिने वस्तु र सेवाहरू** | **मूल्य सङ्कलनका लागि तोकिएका दिनहरू** |
|---|---|---|
| १. | साप्ताहिक रूपमा मूल्य सङ्कलन गरिने वस्तु तथा सेवाहरू | प्रत्येक हप्ताको शुक्रबार बिहान |
| २. | मासिक रूपमा मूल्य सङ्कलन गरिने वस्तु तथा सेवाहरू | प्रत्येक महिनाको मसान्तको दिन |
| ३. | त्रैमासिक रूपमा मूल्य सङ्कलन गरिने वस्तु तथा सेवाहरू | साउन, कात्तिक, माघ र वैशाख महिनाको मसान्तभन्दा एक दिन अगाडि |

(२) सम्बन्धित साप्ताहिक, मासिक तथा त्रैमासिक अवधिको मूल्य सङ्कलन गर्न बैंकको वेब एप्लिकेसनबाट दुई दिन अघि फाराम डाउनलोड गर्नुपर्नेछ ।

(३) साप्ताहिक मूल्य हरेक हप्ताको सोमबारसम्ममा, मासिक मूल्य महिना समाप्तपश्चात् अर्को महिनाको ५ गतेसम्ममा र त्रैमासिक मूल्य हरेक त्रयमास पछिको अर्को महिनाको ४ गतेसम्ममा महाशाखामा पठाइसक्नु पर्नेछ ।

(४) उपदफा (३) अनुसार तोकिएको दिनमा कदमकदाचित मूल्य तथ्याङ्क महाशाखामा पठाउन नसकिएको अवस्थामा वेब एप्लिकेसनमा तथ्याङ्क पठाउने कार्यमा स्वःचालित रुपमा block हुने हुँदा सम्बन्धित मूल्य सङ्कलकले System बाट Date Extension माग गर्नुपर्नेछ र महाशाखामा कार्यरत अधिकृतले पनि System बाटै Approval दिनुपर्नेछ ।

(४) तोकिएको दिनमा अप्रत्याशित रूपमा बजार बन्द भई मूल्य सङ्कलन गर्न सम्भव नभएमा बजार खुल्नासाथ मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(५) बजार बन्द भई वा अन्य कुनै कारणले तोकिएको दिनमा मूल्य सङ्कलन कार्य सम्भव नभएमा सोको जानकारी महाशाखालाई गराउनु पर्नेछ । मूल्य सङ्कलन गर्ने फाराममा समेत मूल्य सङ्कलन गर्न नसक्नुको कारण र सोको विकल्पमा गरिएको व्यवस्थाको बारेमा उल्लेख गर्नुपर्नेछ ।

२०. **मूल्य सङ्कलन गर्ने समय** : (१) स्थानीय अवस्था र क्षेत्रअनुरूप मूल्य सङ्कलन गर्नको लागि फरक फरक समय उपयुक्त हुनसक्ने हुँदा सम्बन्धित बजारका मूल्य प्रदायक संघ/संस्था वा व्यक्तिका साथै मूल्य सङ्कलनको सुविधालाई समेत दृष्टिगत गरी अनुकूल समयमा मूल्य सङ्कलन गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि फलफूल तथा ताजा तरकारीको साप्ताहिक मूल्य तोकिएको समयमा नै सङ्कलन गर्नुपर्नेछ ।

## परिच्छेद - ५
## मूल्य तथ्याङ्क सम्प्रेषण

२१. **सङ्कलित मूल्यको कम्प्युटर प्रविष्टि, परीक्षण तथा सम्प्रेषण** : (१) दफा १९ बमोजिम सङ्कलन गरिएको मूल्य बैंकद्वारा निर्माण गरिएको वेब एप्लिकेसन (Web Application) मा प्रविष्टि गरी परीक्षण गरेर दफा १९ को उपदफा (३) अनुसार अनिवार्य रूपमा महाशाखालाई प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) महाशाखाले प्रत्येक मूल्य सङ्कलकलाई वेब एप्लिकेसनको प्रयोगकर्ता परिचय (User ID) र पासवर्ड (Password) उपलब्ध गराउनेछ ।

(३) मूल्य सङ्कलनका लागि प्रत्येक बजार केन्द्रमा छनौट भएका दुईजना सङ्कलकमध्ये पालैपालो गरेर मूल्य सङ्कलन र परीक्षणको काम गर्नुपर्नेछ । T1 User ID भएका सङ्कलकले सङ्कलन गरेको मूल्य T2 User ID भएका सङ्कलकले परीक्षण गर्नु पर्दछ । त्यस्तै T2 User ID भएका सङ्कलकले सङ्कलन गरेको मूल्य T1 User ID भएका सङ्कलकले परीक्षण गर्नु पर्दछ । मूल्य सङ्कलनको लागि एकजना सङ्कलक मात्र जानु पर्नेछ तथा अर्को सङ्कलकले क्रस भेरिफिकेसन गरी मूल्य सम्प्रेषण गर्नुपर्नेछ ।

(४) कुनै प्राविधिक कारणले वेब एप्लिकेसनमा बाधा उत्पन्न भएमा इमेल मार्फत सङ्कलित मूल्य तथ्याङ्क निर्धारित समयमै महाशाखामा प्राप्त हुने गरी पठाउनु पर्नेछ ।

(५) यस्तो User ID (प्रयोगकर्ता परिचय) र Password (पासवर्ड) उपयोगको अधिकार र सुरक्षाको दायित्व उपदफा (३) मा उल्लेख भएका व्यक्तिमा निहित रहने छ ।

(६) वेब एप्लिकेसनको प्रयोगकर्ता परिचय र पासवर्ड असम्बन्धित व्यक्तिलाई उपलब्ध गराई मूल्य तथ्याङ्कको गोप्यता भङ्ग भएमा वा तथ्याङ्कको दुरुपयोग भएमा वा गलत तथ्याङ्क प्रविष्टि भएमा वा तथ्याङ्क बिग्रिएमा सोको क्षतिपूर्ति पासवर्ड उपलब्ध गराउने जिम्मेवार व्यक्तिबाट असुल उपर गरिनेछ साथै सम्बन्धित मूल्य सङ्कलकलाई बैंकबाट निर्णय भए अनुसारको कारवाही गरिनेछ ।

२२. **<u>फेहरिस्त पठाउनु पर्ने :</u>** प्रत्येक महिनाभरिमा सङ्कलन गरेको सम्बन्धित मूल्य सङ्कलकले तयार गरी प्रमाणित गरेको मूल्य तथ्याङ्कको हस्तलिपि वा कम्प्युटर प्रिन्ट सुरक्षित राख्नुपर्नेछ । महाशाखाबाट अनुगमनमा गएको कर्मचारीलाई वा कुनै तालिम सेमिनारमा उपस्थित भएको बखत आफै उपस्थित भई प्रस्तुत गर्नुपर्नेछ ।

## परिच्छेद - ६

## <u>मूल्य सङ्कलनकर्तासँगको सम्बन्ध तथा आचरण र व्यवहार</u>

२३. **महाशाखा र मूल्य सङ्कलनकर्ताबीचको सम्बन्ध :** (१) मूल्य सङ्कलनकर्ताहरू आफ्नो कामप्रति लगनशील तथा जिम्मेवारी हुनुको साथै महाशाखाप्रति उत्तरदायी हुनुपर्नेछ ।

(२) मूल्य सङ्कलनकर्ता र महाशाखाबीच भएको सम्झौतामा उल्लेख भएका बुँदाहरूलाई जिम्मेवारी पूर्वक इमान्दारिताका साथ निर्वाह गर्नुपर्नेछ । यथासमयमा मूल्य सङ्कलन गरी परीक्षण गर्नुपर्नेछ ।

(३) मूल्य सङ्कलन गर्नको लागि तोकिएको समयभित्र नै सङ्कलन कार्य सम्पन्न गरी सङ्कलित मूल्य तथ्याङ्कलाई निर्धारित समयमै Web based Application Software मार्फत् महाशाखामा प्रेषित गर्नुपर्नेछ ।

(४) सम्झौतामा उल्लेख भएका सर्तहरू पूर्ण पालना हुन नसकेको अवस्थामा दुई पक्षबीचको सम्झौता स्वतः भङ्ग हुनेछ र सोको जानकारी सम्बन्धित मूल्य सङ्कलनकर्तालाई दिइनेछ । तर महाशाखालाई दुई पक्षबीचको सम्बन्धमा थप सुधार गर्न सकिनेछ भन्ने लागेको अवस्थामा मूल्य सङ्कलनकर्ताबाट स्पष्टीकरण माग गर्न सकिनेछ ।

(५) उपदफा (४) मा व्यवस्था भए अनुसार मूल्य सङ्कलनकर्ताबाट माग गरिएको स्पष्टीकरणको जवाफ चित्त बुझ्दो नभएको अवस्थामा दुई पक्षबीचको सम्झौता भङ्ग भएको मानिनेछ र सोको जानकारी सम्बन्धित मूल्य सङ्कलनकर्तालाई दिइनेछ ।

(६) महाशाखाले मूल्य सङ्कलनकर्तालाई काम कार्यवाही सम्बन्धी आवश्यक परेको सहयोग गर्नेछ तथा समय समयमा विभागीय रूपमा आवश्यक निर्देशन दिनेछ ।

२४. **शिष्ट व्यवहार हुनुपर्ने** : (१) मूल्य सङ्कलक सदैव नम्र, हँसिलो तथा मिजासिलो हुनु पर्दछ र बोली बचन शिष्ट तथा मीठो हुनुपर्नेछ ।

(२) मूल्य सङ्कलकले मूल्य सङ्कलन गर्न जाँदा पसलेहरूलाई कहिल्यै पनि रिस-रवाफ देखाउने वा डर-धम्की दिने गर्नु हुँदैन ।

(३) वास्तविक बजार मूल्य प्राप्त गर्न मूल्य सङ्कलकले स्थानीय व्यापारीहरूसँग शिष्ट रुपले सम्पर्क बढाई मूल्य सङ्कलनको उद्देश्य, प्रयोजन र उपयोगिताको सम्बन्धमा जानकारी दिई सहयोगात्मक र सद्भावयुक्त वातावरणको सिर्जना गर्नुपर्नेछ ।

२५. **सरसफाइ र परिचयपत्र** : (१) मूल्य सङ्कलकले सदैव सफा कपडा लगाउनुका साथै मूल्य सङ्कलन गर्न जाँदा बैंकले उपलब्ध गराएको आफ्नो परिचयपत्र लगाउनु पर्नेछ ।

२६. **अनुसन्धान उन्मुख** : (१) सम्बन्धित बजारको वास्तविक मूल्य सङ्कलन गर्नु आफ्नो कर्तव्य सम्झी बजार मूल्यप्रति सदैव चनाखो तथा अद्यावधिक रहनु पर्नेछ ।

(२) मूल्य सङ्कलनको लागि तोकिएको दिनबाहेक अन्य दिनमा बजार मूल्यमा अप्रत्याशित र असामान्य रूपमा उतारचढाव भएमा कारण समेत पत्ता लगाई सोको सूचनाबारे महाशाखामा जानकारी गराउनु पर्नेछ ।

(३) विगत तथा वर्तमानको मूल्य स्थिति तथा स्थानीय व्यापारीबाट प्राप्त सूचनाको विश्लेषण गरी आफ्नो बजार केन्द्रमा भविष्यमा हुनसक्ने मूल्य प्रवृत्तिको आँकलन गरी महाशाखालाई जानकारी गराउनु पर्नेछ ।

(४) मूल्य सङ्कलकले गत अवधिको मूल्य उल्लेख भएको मूल्य सङ्कलन फाराम डाउनलोड गरी लेख्ने कलमका साथै अन्य आवश्यक

सामानहरूको व्यवस्था गरेर मात्र मूल्य सङ्कलनको लागि बजार स्थलमा जानु पर्नेछ ।

(५) मूल्य सङ्कलकले मूल्य सङ्कलन गर्ने कार्यलाई कहिल्यै पनि हतार र तनावमा नगरी धैर्यपूर्वक गर्नुपर्नेछ ।

(६) मूल्य सङ्कलकले समय समयमा आफ्ना नातेदार तथा साथीभाइहरूद्वारा खरिद गरिएका वस्तुहरूको बारेमा चर्चा परिचर्चा गरी आफूले सङ्कलन गरेको बजार मूल्य वास्तविक छ छैन भनी परीक्षण गर्नुपर्नेछ ।

(७) सङ्कलित मूल्यको वास्तविकता पहिचान गर्ने वैकल्पिक विधिको रूपमा मूल्य सङ्कलक स्वयंले बजारबाट वस्तु तथा सेवा खरिद गरी पर्चेज चेकिङ् पद्धति (Purchase Checking Technique) पनि अपनाउन सक्नेछ ।

## परिच्छेद - ७

## गोष्ठी, अनुगमन तथा निरीक्षण

२७. **मूल्य तथ्याङ्क गोष्ठी** : (१) प्रत्येक आर्थिक वर्षमा आवश्यकता अनुसार महाशाखाले बढीमा बीस वटा बजार केन्द्रहरूमा मूल्य तथ्याङ्कसम्बन्धी अन्तरक्रिया तथा छलफल गर्न गोष्ठीको आयोजना गर्नेछ ।

(२) मूल्य प्रदायक स्रोत पसल, व्यापारी, उद्योगपति तथा आर्थिक क्षेत्रसँग सम्बन्धित प्राध्यापक, शिक्षक र सम्बन्धित संघ/संस्था समेतको सहभागितामा गोष्ठी सञ्चालन गरिनेछ ।

(३) मूल्य तथ्याङ्कको महत्व तथा उपयोगिता बारेमा मूल्य प्रदायक स्रोत पसल तथा सम्बन्धित संघ/संस्थाहरूलाई जानकारी गराउनु र मूल्य सङ्कलनसम्बन्धी कार्यलाई अझ सहज, अनुकुल र यथार्थपरक बनाउनु गोष्ठीको उद्देश्य हुनेछ ।

२८. **महाशाखाबाट गरिने अनुगमन** : (१) बजारबाट वास्तविक मूल्य तथ्याङ्क प्राप्त भएको छ छैन पत्ता लगाउनको लागि महाशाखाबाट वर्षको

कम्तीमा एकपटक प्रत्येक बजार केन्द्रको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(२) मूल्य महाशाखालाई कुनै बजार केन्द्रबाट सही मूल्य प्राप्त भएको छैन भन्ने लागेमा आवश्यकता अनुसार जतिपटक पनि विशेष अनुगमन गर्न सकिनेछ ।

(३) महाशाखाले बैंकका जिल्लास्थित कार्यालय मार्फत पनि यस्तो बजार अनुगमनको कार्य गराउन सक्नेछ ।

(४) बजार अनुगमन तथा निरीक्षण गर्न जाँदा सम्बन्धित मूल्य सङ्कलक शिक्षकहरूको सहयोग लिएर वा यस्तो सहयोग नलिई आकस्मिक रूपमा सिधै बजारमा गएर पनि गर्न सकिनेछ ।

(५) बजार अनुगमन तथा निरीक्षण गर्न जाँदा अन्तिम पटक सङ्कलन गरिएको मूल्य विवरण साथै लिई जानु पर्नेछ ।

(६) बजार अनुगमन तथा निरीक्षणपश्चात् निम्न लिखित विवरण सहितको प्रतिवेदन अनिवार्य रूपमा महाशाखामा पेस गर्नुपर्नेछ :

(क) सङ्कलकले प्रेषित गरेको मूल्य वास्तविक भए नभएको,

(ख) मूल्य सङ्कलक प्रत्येक स्रोत पसलमा नियमित रूपमा मूल्य सङ्कलन गर्न जाने गरे नगरेको,

(ग) तोकिएका ब्राण्ड र गुणस्तरका सम्पूर्ण वस्तुको बजारमा उपलब्धता नियमित भए नभएको,

(घ) छानिएका सम्पूर्ण स्रोत पसलहरू सञ्चालनमा रहे नरहेको,

(ङ) मूल्य सङ्कलकले स्रोत पसलमा प्रदर्शन गरेको व्यवहार असल रहे नरहेको,

(च) मूल्य सङ्कलकहरूमा आपसी मेल भए नभएको तथा निजहरूले एक आपसमा मिली मूल्य सङ्कलन तथा भेरिफिकेसन गरे नगरेको,

(छ) विशेष अनुगमन भएमा सोको उद्देश्य अनुरूपका आवश्यक सूचनाहरू,

(ज) मूल्य सङ्कलक शिक्षक तथा स्रोत पसलका गुनासा र सुझावहरू,

(झ) कुनै वस्तु वा ब्राण्ड वा स्रोत पसल प्रतिस्थापन गर्नुपर्ने भएमा सोको कारण तथा उपयुक्त विकल्प सहितको सुझाव र आवश्यक सूचनाहरू ।

## परिच्छेद - ८
## सूचकाङ्क निर्माण

२९. **सूचकाङ्क निर्माणः** (१) तोकिएका सम्पूर्ण बजार केन्द्रका मूल्य सङ्कलकले System मार्फत मूल्य तथ्याङ्क यस बैंकमा सम्प्रेषण गर्नुपर्नेछ । महाशाखामा कार्यरत अधिकृत तृतीय स्तरका कर्मचारीहरुमध्ये मूल्य तथ्याङ्क परीक्षण गर्ने जिम्मेवारी पाएका कर्मचारीहरुले समूहगत तथा उप-समूहगत रुपमा रहेका विभिन्न वस्तु तथा सेवाहरुको छुट्टाछुट्टै रुपमा परीक्षण गर्नुपर्नेछ ।

(२) कुनै वस्तु तथा सेवाको पछिल्लो सम्प्रेषण भएको मूल्यमा १० प्रतिशत थपघट भएमा स्वःचालित रुपमा System ले सोको संकेत दिनेछ र मूल्य सङ्कलकले अनिवार्य रुपमा सो हुनुको कारण कैफियतमा उल्लेख गरी मूल्य तथ्याङ्क सम्प्रेषण गर्नुपर्नेछ । यस अवस्थामा सम्बन्धित कर्मचारीलाई उक्त थपघट हुनुको आधार मनासिव लागेमा परीक्षणको कार्य अघि बढाउन सकिनेछ ।

(३) उपदफा (२) अनुसार कैफियतमा उल्लेख भएको आधार मनासिव नदेखिएमा परीक्षण गर्ने कर्मचारीले उक्त वस्तु तथा सेवाको मूल्यलाई System बाटै Disapprove गरी सम्बन्धित मूल्य सङ्कलकलाई फिर्ता पठाई पुनः सम्प्रेषण गर्न लगाउन सक्नेछ वा मूल्य सङ्कलकबाट मौखिक जानकारी लिई संशोधन गर्न आवश्यक देखिएमा सोही अनुसार परीक्षण गर्ने कर्मचारीले संशोधन गर्न सक्नेछ ।

(४) परीक्षणपश्चात् महाशाखामा कार्यरत अधिकृत तृतीय स्तरका कर्मचारीमध्ये सूचकाङ्क निर्माण गर्ने जिम्मेवारी पाएका कर्मचारीले System मा सूचकाङ्क प्रशोधन गरी उपभोक्ता मूल्य सूचकाङ्क

निर्माण गरिनेछ र सोको प्रतिवेदन महाशाखामा कार्यरत अधिकृत द्वितीय स्तरको कर्मचारीसमक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (२) अनुसार प्रतिवेदन प्राप्त भएपश्चात् महाशाखाका अधिकृत द्वितीय तहको कर्मचारीले उक्त प्रतिवेदन अध्ययन गरी पुनः परीक्षण गर्न आवश्यक देखिएमा सम्बन्धित अधिकृत कर्मचारीलाई निर्देशन दिनेछ र परीक्षणपश्चात् प्राप्त प्रतिवेदन महाशाखा प्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।

(६) महाशाखा प्रमुखले उक्त प्रतिवेदन अध्ययन गरी मूल्य तथ्याङ्कको थप परीक्षण गर्न आवश्यक देखिएमा सोहीबमोजिम निर्देशन दिनसक्नेछ । सो निर्देशन पालना गरी महाशाखाका कर्मचारीले अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ र थप सुधार गर्नुपर्ने आवश्यकता नदेखिएमा महाशाखा प्रमुखबाट "देशको वर्तमान आर्थिक स्थिति" प्रतिवेदन तयार गर्नको लागि प्रेषित गर्नुपर्ने विवरण तयार गर्न निर्देशन दिइनेछ ।

(७) उपदफा (१), (२), (३) र (४) को अधीनमा रही मूल्य सङ्कलकले तोकिएका बजार केन्द्रबाट साप्ताहिक, मासिक तथा त्रैमासिक रूपमा सङ्कलन गरी पठाएको मूल्य तथ्याङ्कलाई महाशाखाले प्रशोधन गरेर मूल्य सूचकाङ्क निर्माण गर्नेछ ।

(८) विभिन्न बजार केन्द्रबाट प्राप्त मूल्य तथ्याङ्कलाई महाशाखाले साप्ताहिक भए सप्ताह समाप्त भएको अर्को हप्ताको बुधवार सम्ममा, मासिक भए महिना व्यतित भएको अर्को महिनाको १२ गते सम्ममा र त्रैमासिक भए त्रयमास व्यतित भएको अर्को महिनाको १२ गते सम्ममा अद्यावधिक गरिसक्नु पर्नेछ ।

(९) Elementry Level को लागि Jevon's Index र Higher Level Aggregation को लागि Laspeyers Geometric Index प्रयोग गरी मूल्य सूचकाङ्क निर्माण गरिनेछ ।

(१०) उपदफा (१) बमोजिम निर्माण भएको उपभोक्ता मूल्य सूचकाङ्कलाई महिना व्यतित भएको अर्को महिनाको २१ गते सम्ममा अन्तिम रूप दिइनेछ ।

(११) उपदफा (७) बमोजिम तयार भएको उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन गर्नको लागि सूचकाङ्कलाई अन्तिम रूप दिएको चौथो दिनमा अनुसन्धान विभाग अन्तर्गत रहेको सरकारी वित्त इकाईमा पठाइनेछ ।

(१२) प्रकाशित उपभोक्ता मूल्य सूचकाङ्कलाई अनुसन्धान विभाग अन्तर्गत रहेको प्रकाशन इकाई मार्फत वितरणको व्यवस्था मिलाइने छ ।

## परिच्छेद - ९
## विविध

३०. **निर्देशिकाको व्याख्या :** यस निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार बैंकको सञ्चालक समितिलाई हुनेछ ।

३१. **अधिकार प्रत्यायोजन तथा बाधा अड्चन फुकाउ :** (१) यस निर्देशिका अनुसारको कार्य सम्पादन गर्ने/गराउने अधिकार विभागीय प्रमुखलाई हुनेछ ।

(२) विभागीय प्रमुखले आफू मातहतका अधिकृतलाई आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा अधिकार प्रत्यायोजन गर्न सक्नेछन् ।

(३) यस निर्देशिका अनुसार कार्य गर्दा कुनै बाधा अड्काउ पर्न आएमा महाशाखाको प्रमुखको अनुरोधमा विभागीय प्रमुखले सो बाधा अड्काउ फुकाउन सक्नेछन् ।

**३२. अनुसूचीमा हेरफेर :** यस निर्देशिकामा रहेका अनुसूचीहरूमा विभागीय प्रमुखले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछन् ।

**३३. खारेजी र बचाउ :** (१) उपभोक्ता मूल्य सङ्कलन निर्देशिका, २०६७ खारेज गरिएको छ ।

(२) नेपाल राष्ट्र बैंक, उपभोक्ता मूल्य सङ्कलन निर्देशिका, २०६७ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरू यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

*अनुसूची - १*

## मूल्य सङ्कलन गरिने ६० वटा बजार केन्द्रहरू

| | **काठमाडौं उपत्यका** | **पहाडी क्षेत्र** | **तराई क्षेत्र** | **हिमाली क्षेत्र** |
|---|---|---|---|---|
| **ग्रामीण क्षेत्र** | १) चापागाँउ (चम्पापुर)<br>२) चाँगुनारायण (नगरकोट) | १) फिदिम<br>२) भोजपुर<br>३) कटारी<br>४) दिक्तेल<br>५) पाँचखाल<br>६) निलकण्ठ<br>७) दामन<br>८) बेसीसहर<br>९) बेनी<br>१०) सन्धीखर्क<br>११) तम्घास<br>१२) सल्यान<br>१३) लिवाङ<br>१४) जोगबुढा<br>१५) मंगलसेन | १) बिर्तामोड<br>२) उर्लाबारी<br>३) मोहनपुर कल्याणपुर<br>४) चन्द्रनिगाहपुर<br>५) जीतपुर<br>६) सुनवल<br>७) लमही चौलाही<br>८) कोहलपुर<br>९) श्रीपुर | १) बाह्रबिसे<br>२) चन्दननाथ<br>३) दार्चुला |
| **सहरी क्षेत्र** | १) काठमाडौं-१<br>२) काठमाडौं-२ (कीर्तिपुर)<br>३) ललितपुर<br>४) भक्तपुर | १) इलाम<br>२) धनकुटा<br>३) कमलामाई<br>४) हेटौडा<br>५) पोखरा<br>६) बिदुर<br>७) तानसेन<br>८) सुर्खेत<br>९) नारायण नगरपालिका<br>१०) अमरगढी<br>११) दिपायल | १) इटहरी<br>२) विराटनगर<br>३) लहान<br>४) जनकपुर<br>५) वीरगञ्ज<br>६) भरतपुर<br>७) सिद्धार्थनगर<br>८) बुटवल<br>९) कपिलवस्तु<br>१०) घोराही<br>११) नेपालगञ्ज<br>१२) गुलरिया<br>१३) धनगढी<br>१४) भिमदत्त | १) भिमेश्वर<br>२) खाँदबारी |

*अनुसूची - २*

## मूल्य सङ्कलन गर्नुपर्ने वस्तुगत समूह तथा उप-समूहहरू

| क.सं. | मूल्य सङ्कलन हुने अवधि | वस्तु तथा सेवाहरूको समूह तथा उप-समूह |
|---|---|---|
| १. | साप्ताहिक | १. खाद्य तथा खाद्यजन्य पदार्थ<br>२. दाल तथा गेडागुडी<br>३. तरकारीहरू<br>४. माछा तथा मासु<br>५. फलफूल<br>६. मरमसला |
| २. | मासिक | १. खाद्य तथा खाद्यजन्य पदार्थ<br>२. माछा तथा मासु<br>३. दुग्ध पदार्थ तथा अण्डा<br>४. घ्यू तथा तेल<br>५. मरमसला<br>६. फलफूल<br>७. सागसब्जी<br>८. दाल तथा गेडागुडी<br>९. चिनी तथा चिनीजन्य वस्तु<br>१०. गैर-मदिराजन्य पेय पदार्थ<br>११. घरायसी उपयोगका (ग्याँस, पेट्रोल, मट्टीतेल, डिजेल) वस्तुहरू<br>१२. सजावट तथा घरायसी उपकरण<br>१३. यातायात<br>१४. रेष्टुरेण्ट तथा होटलको खाना<br>१५. विविध वस्तुहरू |
| ३. | त्रैमासिक | १. मदिराजन्य पेय पदार्थ<br>२. सुर्तीजन्य पदार्थ<br>३. कपडाजन्य तथा जुत्ता चप्पल<br>४. पानी, बिजुली, फोहरमैला शुल्क<br>५. फर्निसिङ तथा घरायसी उपकरणहरू<br>६. स्वस्थ्य<br>७. यातायात तथा सञ्चार<br>८. मनोरञ्जन तथा संस्कृति<br>९. शिक्षा<br>१०. रेष्टुरेण्ट तथा होटलको खाना<br>११. विविध वस्तुहरू |

*अनुसूची - ३*

# मूल्य सङ्कलन गर्नुपर्ने वस्तु तथा सेवाहरू

**(क) साप्ताहिक मूल्य सङ्कलनका वस्तुहरू**

| क.सं. | वस्तुहरू | क.सं. | वस्तुहरू | क.सं. | वस्तुहरू |
|---|---|---|---|---|---|
| १ | चामल मसिनो | २४ | अम्बा | ४७ | भेडे खोर्सानी |
| २ | चामल मध्यम | २५ | आलु | ४८ | हरियो खोर्सानी |
| ३ | चामल मोटो | २६ | सुकेको प्याज | ४९ | स्कुस |
| ४ | उसिना चामल | २७ | काउली | ५० | कटहर |
| ५ | बोइलर कुखुराको मासु | २८ | ब्रोकाउली | ५१ | हरियो बकुल्ला |
| ६ | ताजा माछा | २९ | बन्दा | ५२ | हरियो भटमास |
| ७ | स्याउ | ३० | गोलभेडा | ५३ | रायोको साग |
| ८ | केरा | ३१ | भण्टा | ५४ | तोरीको साग |
| ९ | अंगुर | ३२ | करेला | ५५ | चंसुरको साग |
| १० | मेवा | ३३ | रामतोरीया | ५६ | पालुङ्गोको साग |
| ११ | अनार | ३४ | घिरौला पाते | ५७ | फर्सीको मुन्टा |
| १२ | सुन्तला | ३५ | परबल | ५८ | बेथेको साग |
| १३ | मौसम | ३६ | मुला | ५९ | हरियो लसुन |
| १४ | जुनार | ३७ | तरुल | ६० | हरियो धनियाँ |
| १५ | नास्पाती | ३८ | फर्सी | ६१ | कर्कलो |
| १६ | आँप | ३९ | लौका | ६२ | हरियो प्याज |
| १७ | लिची | ४० | हरियो मटरकोसा | ६३ | निउरोको साग |
| १८ | खरवुजा | ४१ | हरियो बोडी | ६४ | मुसुरोको दाल |
| १९ | आसु | ४२ | च्याउ | ६५ | मास दाल |
| २० | आरु बखडा | ४३ | काँक्रो | ६६ | रहरको दाल |
| २१ | स्ट्रबेरी | ४४ | कागती | ६७ | सुकेको अदुवा |
| २२ | उखु | ४५ | गाँजर | ६८ | सुकेको लसुन |
| २३ | अमला | ४६ | हरियो सिमी | | |

## (ख) मासिक मूल्य सङ्कलनका वस्तु तथा सेवाहरू

| क्र.सं. | वस्तु तथा सेवाहरू | क्र.स. | वस्तु तथा सेवाहरू | क्र.सं. | वस्तु तथा सेवाहरू |
|---|---|---|---|---|---|
| १ | चिउरा | ४८ | किसमिस | ९५ | ट्यांकर पानी |
| २ | भूजिया | ४९ | छोहाडा | ९६ | एलपिजी ग्यास |
| ३ | गहुँको आँटा | ५० | पिस्ता | ९७ | मट्टितेल |
| ४ | बेसन | ५१ | मस्यौरा | ९८ | दाउरा भारी |
| ५ | मैदा | ५२ | मुँगको दाल | ९९ | लुगा धुने साबुन |
| ६ | सुजी | ५३ | चनाको दाल | १०० | भांडा माझ्ने साबुन |
| ७ | बिस्कुट | ५४ | केराउ दाल | १०१ | डिटरजेन्ट पाउडर |
| ८ | कुकिज | ५५ | चना गेडा | १०२ | ट्वाइलेट क्लिनर |
| ९ | पाउरोटी स्लाइस | ५६ | बोडी | १०३ | किटनासक |
| १० | बम पाउरोटी | ५७ | सिमी | १०४ | कुचो |
| ११ | पफ | ५८ | राज्मा | १०५ | डिस्टेम्पर |
| १२ | डुनट | ५९ | गहत | १०६ | इनामेल |
| १३ | केक | ६० | भटमास | १०७ | मैनबत्ती |
| १४ | सेरेलेक | ६१ | चिनी | १०८ | पेट्रोल |
| १५ | तयारी चाउचाउ | ६२ | मिश्री | १०९ | डिजेल |
| १६ | सिन्के चाउचाउ | ६३ | भेली | ११० | बस भाँडा (५० कि.मि.सम्म) |
| १७ | दालमोठ | ६४ | आइसक्रिम | १११ | बस भाँडा (५० कि.मि.भन्दा बढीको) |
| १८ | भुजिया | ६५ | जाम | ११२ | माइक्रो बस भाँडा (५० कि.मि.सम्म) |
| १९ | कुर्कुरे/कुर्मुरे | ६६ | मह | ११३ | माइक्रो बस भाँडा (५० कि.मि.भन्दा |
| २० | चिजबल्स | ६७ | रसबरी (घर लाने) | ११४ | ट्याक्सी भाँडा |
| २१ | पापड | ६८ | लालमोहन | ११५ | टेम्पो भाँडा |
| २२ | पास्ता | ६९ | बर्फी | ११६ | खाना थाली साकाहारी |
| २३ | कर्नफ्लेक्स | ७० | पेडा | ११७ | खाना थाली मांसाहारी |
| २४ | बदाम भुटेको | ७१ | जेरी | ११८ | कुखुराको मासुको परिकार |
| २५ | मकैको गेडा | ७२ | हलुवा | ११९ | खसीको मासुको परिकार |
| २६ | मकै हरियो | ७३ | सेलरोटी | १२० | भैसीको मासुको परिकार |
| २७ | खसिको मासु | ७४ | चकलेट | १२१ | मः मः |
| २८ | राँगाको मासु | ७५ | किटक्याट | १२२ | चाउमिन |
| २९ | बंगुरको मासु | ७६ | नुन | १२३ | थुक्पा |
| ३० | लोकल कुखुराको मासु | ७७ | धुलो खोर्सानी | १२४ | पुरी तरकारी |
| ३१ | ससेज | ७८ | बेसार | १२५ | समोसा |
| ३२ | सुकेको माछा | ७९ | मीट मसला | १२६ | चिया |
| ३३ | लोकल दुध | ८० | ज्वानो | १२७ | तरकारी आलु चना |
| ३४ | डेरीको दुध | ८१ | जिरा गेडा | १२८ | अम्लेट |
| ३५ | पाउडर दुध | ८२ | धनियाँको गेडा | १२९ | रसभरी |
| ३६ | दहि | ८३ | मरिच | १३० | दारी काट्ने (पत्ती) मेसिन |
| ३७ | पनिर | ८४ | तील | १३१ | नुहाउने साबुन |
| ३८ | अण्डा | ८५ | चियापत्ती | १३२ | कपालमा लगाउने तेल |
| ३९ | मखन | ८६ | कफी | १३३ | स्याम्पु |
| ४० | घिउ | ८७ | मिनरल वाटर | १३४ | फेसवास |
| ४१ | वनस्पति घ्यू | ८८ | जारको पानी | १३५ | टुथ ब्रस |
| ४२ | तोरीको तेल | ८९ | कोकाकोला | १३६ | टुथ पेष्ट |
| ४३ | भटमासको तेल | ९० | रेडबुल | १३७ | तेजावी सुन |
| ४४ | सूर्यमुखी तेल | ९१ | रियल जुस | १३८ | तिलहरी |
| ४५ | सुकेको नरिवल | ९२ | ट्याङ्ग | १३९ | चाँदी |
| ४६ | बदाम सुख्खा | ९३ | हर्लिक्स | १४० | पाउजु |
| ४७ | काजु | ९४ | फ्रेस फलफूलको रस | १४१ | नक्कली गहना |

### (ग) त्रैमासिक मूल्य सङ्कलनका वस्तु तथा सेवाहरू

| क्र.सं. | वस्तु तथा सेवाहरू | क्र.सं. | वस्तु तथा सेवाहरू | क्र.सं. | वस्तु तथा सेवाहरू |
|---|---|---|---|---|---|
| १ | लोकल रक्सी | ४९ | कोट (महिला) | ९७ | पलङ्ग |
| २ | जीन | ५० | टि सर्ट (महिला) | ९८ | लो बेड |
| ३ | ह्विस्की | ५१ | पैन्ट (महिला) | ९९ | स्टिल दराज |
| ४ | रम | ५२ | बच्चाको सर्ट | १०० | काठको दराज |
| ५ | भोड्का | ५३ | बच्चाको टि सर्ट | १०१ | टिभि राख्ने सो केश |
| ६ | जाँड (छ्याङ) | ५४ | बच्चाको पैन्ट | १०२ | सोफा सेट |
| ७ | वियर | ५५ | बच्चाको फ्रक | १०३ | काठको टेवल |
| ८ | चुरोट फिल्टर भएको | ५६ | बच्चाको ट्राउजर | १०४ | प्लास्टिकको मेच |
| ९ | चुरोट फिल्टर नभएको | ५७ | बच्चाको ज्याकेट | १०५ | डाइनिक टेबल सेट |
| १० | बिँडी | ५८ | बच्चाको स्वेटर | १०६ | किचन र्‍याक |
| ११ | खैनी (पत्ता) | ५९ | सर्ट स्कुल ड्रेस | १०७ | जुट कार्पेट |
| १२ | खैनी (तयारी) | ६० | पैन्ट स्कुल ड्रेस | १०८ | रिव्स कार्पेट |
| १३ | गुट्खा | ६१ | ब्लेजर स्कुल ड्रेस | १०९ | बेल्जीयम कार्पेट |
| १४ | सुपारी | ६२ | स्वेटर स्कुल ड्रेस | ११० | गलैचा |
| १५ | सर्टको कपडा | ६३ | मोजा स्कुल ड्रेस | १११ | सिरक |
| १६ | पैन्टको कपडा | ६४ | क्याप टोपी | ११२ | ब्लान्केट |
| १७ | सुटको कपडा | ६५ | सर्ट सिलाइ खर्च | ११३ | कम्बल |
| १८ | कुर्ता सलवारको कपडा | ६६ | पैन्ट सिलाइ खर्च | ११४ | डसना |
| १९ | ब्लाउजको कपडा | ६७ | सुट सिलाइ खर्च | ११५ | तन्ना (बेडसिट) |
| २० | पेटीकोटको कपडा | ६८ | कुर्ता सलवार सिलाइ खर्च | ११६ | सिरकको खोल |
| २१ | म्यक्सीको कपडा | ६९ | ब्लाउज सिलाइ खर्च | ११७ | झूल |
| २२ | पुरुषले लाउने सर्ट | ७० | ब्लेजर धुलाइ खर्च | ११८ | पर्दा |
| २३ | पुरुष टि सर्ट | ७१ | पैन्ट धुलाइ खर्च | ११९ | तौलिया |
| २४ | पुरुष पैन्ट | ७२ | पुरुष छालाको जुत्ता | १२० | वासिङ्ग मेसिन |
| २५ | पुरुष सुट | ७३ | पुरुष कपडाको जुत्ता | १२१ | फ्रिज |
| २६ | पुरुष ज्याकेट | ७४ | पुरुष प्लास्टिकको चप्पल | १२२ | राइस कुकर |
| २७ | पुरुष स्वेटर | ७५ | पुरुष हवाइ चप्पल | १२३ | इन्भर्टर |
| २८ | पुरुष धोती | ७६ | पुरुष स्पोर्टस जुत्ता | १२४ | लुगा सिउने मेसिन |
| २९ | पुरुष ट्राउजर | ७७ | पुरुष सिन्थेटिक जुत्ता | १२५ | डिप फ्रिजर |
| ३० | पुरुष हाफ पैन्ट | ७८ | छालाको चप्पल (महिला) | १२६ | मिक्चर ग्राइण्डर |
| ३१ | पुरुष भित्री गन्जी | ७९ | कपडाको जुत्ता (महिला) | १२७ | स्ट्याण्ड पंखा |
| ३२ | पुरुष पेन्टी | ८० | प्लास्टिकको चप्पल (महिला) | १२८ | सिलिङ्ग पंखा |
| ३३ | पुरुष लुङ्गी | ८१ | हवाइ चप्पल (महिला) | १२९ | प्रेसर कुकर |
| ३४ | पुरुष ट्र्याक सुट | ८२ | सिन्थेटिक जुत्ता (महिला) | १३० | थाल |
| ३५ | पुरुष हाइनेक | ८३ | बच्चाले लाउने छालाको जुत्ता | १३१ | कप |
| ३६ | पुरुष मोजा | ८४ | बच्चाले लाउने कपडाको जुत्ता | १३२ | गिलास |
| ३७ | सारी | ८५ | बच्चाले लाउने प्लास्टिक चप्पल | १३३ | कराई |
| ३८ | पेटीकोट | ८६ | बच्चाले लाउने हवाइ चप्पल | १३४ | बाटा |
| ३९ | ब्लाउज | ८७ | बच्चाले लाउने सिन्थेटिक | १३५ | ग्यालोन |
| ४० | सुती धोती (महिला) | ८८ | साना बच्चाको कपडाको जुत्ता | १३६ | धातको गाग्री |
| ४१ | कुर्ता सलवार (महिला) | ८९ | जुत्ता पोलीस गरेको | १३७ | वाटर फिल्टर |
| ४२ | पछ्यौरा (सल) | ९० | घरभाडा एक कोठा | १३८ | थर्मस |
| ४३ | ब्रा | ९१ | घरभाडा दुई कोठा | १३९ | पूजाको भाँडाकुँडा |
| ४४ | पेन्टी (महिला) | ९२ | घरभाडा फ्लाट | १४० | ग्यास चुलो |
| ४५ | ज्याकेट (महिला) | ९३ | धारा तथा ढल महसुल | १४१ | ग्यास सिलिण्डर |
| ४६ | स्वेटर (महिला) | ९४ | फोहर मैला सङ्कलन शुल्क | १४२ | ग्यास रेगुलेटर |
| ४७ | ट्राउजर (महिला) | ९५ | बिजुली | १४३ | ग्यास लायटर |
| ४८ | म्याक्सी | ९६ | खाट | १४४ | पानी तान्ने मोटर |

| क्र.सं. | वस्तु तथा सेवाहरू | क्र.सं. | वस्तु तथा सेवाहरू | क्र.सं. | वस्तु तथा सेवाहरू |
|---|---|---|---|---|---|
| १४५ | बिजुलीको बल्ब | १९३ | सवारी दर्ता दस्तुर | २४१ | कक्षा ८ को परीक्षा शुल्क (निजी) |
| १४६ | टर्च लाइट | १९४ | रिक्सा भाडा | २४२ | कक्षा ८ को ट्युशन (गणित) |
| १४७ | दिपावली बल्ब | १९५ | हवाइजहाजको भाडा | २४३ | कक्षा ८ को भर्ना शुल्क (सरकारी) |
| १४८ | ब्याट्रि | १९६ | टेलीफोन सेट | २४४ | कक्षा ८ को परीक्षा शुल्क (सरकारी) |
| १४९ | ब्याट्रि (लिड एसिड) | १९७ | मोबाइल सेट | २४५ | कक्षा ८ को ट्युशन (अंग्रेजी) |
| १५० | केबुलको तार | १९८ | राउटर | २४६ | कक्षा ११ को मासिक शुल्क (निजी) |
| १५१ | कुटो | १९९ | ल्याण्डलाइन एनटिसी | २४७ | कक्षा ११ को भर्ना शुल्क (निजी) |
| १५२ | खुकुरी | २०० | पोस्टपेड एनटिसी | २४८ | कक्षा ११ को  परीक्षा शुल्क (निजी) |
| १५३ | चुलेसी | २०१ | प्रिपेड एनटिसी | २४९ | कक्षा ११ को ट्युशन (गणित) |
| १५४ | लुगा धुनेको ज्याला | २०२ | इन्टरनेट एडिएसएल | २५० | कक्षा ११ को मासिक शुल्क (सरकारी) |
| १५५ | थाइरोनोम | २०३ | प्रिपेड एनसिल | २५१ | कक्षा ११ को भर्ना शुल्क (सरकारी) |
| १५६ | फेक्सोफेनडिन | २०४ | टेलिभिजन | २५२ | कक्षा ११ को  परीक्षा शुल्क(सरकारी) |
| १५७ | आइबुप्रोफिन् | २०५ | क्यामरा | २५३ | कक्षा ११ को ट्युशन (अंग्रेजी) |
| १५८ | भिटामिन बि कम्प्लेक्स | २०६ | फोटो धुलाई | २५४ | ब्याचलरको मासिक शुल्क (निजी) |
| १५९ | जीवनजल | २०७ | ल्यापटप | २५५ | ब्याचलरको भर्ना शुल्क (निजी) |
| १६० | इजिथ्रोमाइसिन | २०८ | ट्याबलेट | २५६ | ब्याचलरको परीक्षा शुल्क (निजी) |
| १६१ | क्लोरोक्साडिन | २०९ | डेस्कटप | २५७ | ब्याचलरको ट्युशन शुल्क (लेखा) |
| १६२ | ग्लिसिरिन | २१० | क्यालकुलेटर | २५८ | ब्याचलरको मासिक शुल्क (सरकारी) |
| १६३ | आइरन | २११ | डिभिडी | २५९ | ब्याचलरको भर्ना शुल्क (सरकारी) |
| १६४ | टियर्स प्लस | २१२ | मादल | २६० | ब्याचलरको परीक्षा शुल्क (सरकारी) |
| १६५ | निम्स | २१३ | तास | २६१ | ब्याचलरको ट्युशन शुल्क (अंग्रेजी) |
| १६६ | ओमेप्राजोल म्याग्नेसियम | २१४ | फुटवल | २६२ | कम्प्युटर तालिम |
| १६७ | एस्पिरिन | २१५ | क्रिकेट बल (साह्रो) | २६३ | अहेव तालिम |
| १६८ | नियोस्प्रिन | २१६ | माटोको गमला | २६४ | भाषा तालिम |
| १६९ | कफ सिरप | २१७ | घरपालुवा जनावरको खाना | २६५ | लजको कोठा भाँडा |
| १७० | मेटफोरमिन हाइड्रोक्लोराइड | २१८ | पौडी पोखरी प्रवेश शुल्क | २६६ | होस्टल फिस |
| १७१ | मुभ स्प्रे | २१९ | सिनेमाको टिकट (बाल्कोनी) | २६७ | कपाल काटेको |
| १७२ | एम्लोडिप्री विस्लेट | २२० | केबुलको शुल्क | २६८ | फेसियल गरेको |
| १७३ | डाएस्टीज र पेप्सीन | २२१ | केबुल जडान शुल्क | २६९ | स्किन क्रिम |
| १७४ | प्यारासिटामोल | २२२ | अंग्रजी (निजी) | २७० | मेहन्दी |
| १७५ | क्लिनिकल थर्ममिटर | २२३ | गणित (निजी) | २७१ | कस्मेटिक पाउडर |
| १७६ | डाक्टरको शुल्क (सामान्य) | २२४ | विज्ञान (निजी) | २७२ | नङ पालिस |
| १७७ | डाक्टरको शुल्क (विशेषज्ञ) | २२५ | नेपाली (सरकारी र निजी) | २७३ | चुरा |
| १७८ | डेन्टिस्टको शुल्क | २२६ | सरकारी स्कुलको अंग्रेजी | २७४ | पोते |
| १७९ | अल्ट्रासाउण्ड | २२७ | सरकारी स्कुलको गणित | २७५ | हेयर क्लिप |
| १८० | एक्सरे | २२८ | सरकारी स्कुलको विज्ञान | २७६ | नाडी घडी |
| १८१ | सिटी स्क्यान | २२९ | कक्षा ११ को अंग्रजी | २७७ | ट्रंक |
| १८२ | रगत परीक्षण | २३० | ब्याचलरको अंग्रेजी | २७८ | ट्राभल ब्याग |
| १८३ | फिजियोथेरापी | २३१ | कान्तिपुर | २७९ | स्कुल ब्याग |
| १८४ | एम्बुलेन्स सेवा | २३२ | कपी | २८० | हयाण्ड ब्याग |
| १८५ | बेड चार्ज | २३३ | कलम | २८१ | छाता |
| १८६ | अप्रेसन चार्ज | २३४ | पेन्सिल | २८२ | वेवी डाइपर |
| १८७ | मोटरबाइक | २३५ | डटपेन | २८३ | सितलु चस्मा |
| १८८ | साइकल | २३६ | टुर प्याकेज | २८४ | लाइटर |
| १८९ | मोटरसाइकलको टायर | २३७ | नर्सरीको मासिक शुल्क(निजी | २८५ | बीमा प्रिमियम |
| १९० | मोटरसाइकलको ट्युब | २३८ | नर्सरी भर्ना शुल्क (निजी स्कुल) | २८६ | लाइसेन्स नवीकरण दस्तुर |
| १९१ | मोबिल | २३९ | कक्षा ८को मासिक शुल्क ( | २८७ | सवारी साधन कर |
| १९२ | मोटरबाइक सर्भिसिङ गरेको | २४० | कक्षा ८ को भर्ना शुल्क (निजी) | | |

*अनुसूची - ४*

परिचय पत्रको नमूना

कोड नं. :

# नेपाल राष्ट्र बैंक

## अनुसन्धान विभाग

## मूल्य सङ्कलक परिचय-पत्र

**बजार केन्द्र : ...................**

**फोटो**

**नाम : ..................**

**(बहाल अवधि ..... देखि ...... सम्म)**

................................ ...................................

**मूल्य सङ्कलकको हस्ताक्षर** **निर्देशकको हस्ताक्षर**

## *अनुसूची - ५*
## सम्झौताको नमूना

लिखितम् नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, अनुसन्धान विभागको तर्फबाट ऐ को … … … … … … … (यसपछि प्रथम पक्ष भनिने) र श्री … … … … … नाति/नातिनी श्री … … … … … … छोरा/छोरी … … … … जिल्ला गा.वि.स/महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका वडा नं. … … मा स्थायी बसोबास गर्दै आएको वर्ष … … को ऐ … … … … ऐ स्थित श्री … … … माध्यमिक विद्यालयका शिक्षक श्री … … … … … … … … …(यसपछि द्वितीय पक्ष भनिने) का बीच प्रथम पक्षले सञ्चालन गर्ने उपभोक्ता मूल्य, थोक मूल्य र तलब तथा ज्यालादरसम्बन्धी तथ्याङ्क सङ्कलन कार्यको सिलसिलामा देहायको सर्त वन्देजको अधिनमा रही दुवै पक्षले तथ्याङ्क सङ्कलनको कार्य गर्न/गराउन मञ्जुर भएकोले करार ऐन, २०५६ वमोजिम यो करारनामा लेखी सही छाप गरी एक/एक प्रति लियौँ दियौँ ।

<u>सर्तहरू</u>

**१. मूल्य तथ्याङ्क सङ्कलकले गर्नुपर्ने कार्य :-**

(क) विद्यालयको पठन पाठनमा प्रतिकूल प्रभाव नपर्ने गरी यस बैंकले निर्धारण गरेको विधिमा आधारित रहेर मूल्य सङ्कलन निर्देशिका बमोजिम उपभोक्ता मूल्य, थोक मूल्य र तलब तथा ज्यालादर सम्बन्धी तथ्याङ्क सङ्कलन गरी नियमित रूपमा यस बैंकलाई उपलब्ध गराउने ।

(ख) तोकिएको दिन र समयमा मात्र मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(ग) तोकिएको पसल/स्रोतबाट यस बैंकले निर्धारण गरेको फारम अनुसारको वस्तु वा सेवाको ब्राण्ड, गुणस्तर एवम् तौल बमोजिमको मूल्य सङ्कलन गर्नुपर्नेछ ।

(घ) तथ्याङ्क सम्प्रेषण गर्दा मूल्य घटबढका कारणहरू समेत उल्लेख गर्नुपर्नेछ ।

(ङ) मूल्य प्रदायक व्यक्ति वा संघसंस्थासँग शिष्ट र सद्भावपूर्ण व्यवहार गर्नुपर्नेछ ।

(च) बैंकले आवश्यक ठानेको मूल्य सम्बन्धी अन्य सूचनाहरू सङ्कलन गरी उपलब्ध गराउनु पर्नेछ ।

(छ) सङ्कलित मूल्य तथ्याङ्क गोप्य रूपमा यस बैंकमा मात्र प्रेषित गर्नुपर्नेछ ।

(ज) कुनै सरोकारवाला निकायबाट उपरोक्त बमोजिमको कार्य गर्नको लागि स्वीकृति लिनुपर्ने भएमा सोको व्यवस्था निज स्वयम्ले गर्नुपर्नेछ ।

(झ) दुईजना शिक्षकहरूले वस्तु र सेवाको मूल्य सङ्कलन गर्दा साप्ताहिक, मासिक र त्रैमासिक रूपमा पालैपालो गर्नुपर्नेछ ।

(ञ) पहिलो शिक्षकले सङ्कलन गरी सफ्टवेयरमा प्रविष्टि गरेको तथ्याङ्क दोस्रो शिक्षकले तथा दोस्रो शिक्षकले सङ्कलन गरी सफ्टवेयरमा प्रविष्टि गरेको तथ्याङ्क पहिलो शिक्षकले रुजु गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ट) बैंकले तोकेको मूल्य तथ्याङ्क सम्बन्धी अन्य कार्यहरू गर्नुपर्नेछ ।

**२. आर्थिक सुविधा :-**

यस सम्झौतामा उल्लेखित कार्य गरेवापत मूल्य तथ्याङ्क सङ्कलक शिक्षकलाई मासिक रु. ... ... ... ... ... (अक्षरेपी ... ... ... ... ... ... ... ... ... ... मात्र) मा प्रचलित ऐन अनुसार स्रोतमा नै कर कट्टी गरी बाँकी रकम प्रदान गरिने छ । साथै, यस्तो रकम त्रैमासिक रूपमा प्रत्येक त्रयमास समाप्त भएको एक महिनाभित्र उपलब्ध गराइने छ ।

**३. सम्झौता भङ्ग हुने अवस्था :-**

(क) सङ्कलित मूल्य तथ्याङ्क यस बैंकले तोकेको समय सीमाभित्र नियमित रूपमा उपलब्ध गराउने कार्य नगरेमा ।

(ख) बैंकको मूल्य सङ्कलन निर्देशिका बमोजिमका कार्यहरू सम्पादन नगरेमा ।

(ग) सरुवा, सेवानिवृत्त वा पदमुक्त भएमा ।

(घ) शारीरिक रूपमा अशक्त भई मूल्य सङ्कलनमा वाधा पुग्ने अवस्था भएमा ।

(ङ) बैंकको प्रतिष्ठामा आँच आउने कुनै कार्य भए गरेमा ।

(च) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट उपभोक्ता मूल्य सूचकाङ्क, थोक मूल्य सूचकाङ्क वा तलब तथा ज्यालादर सूचकाङ्क सम्बन्धी कार्य गर्न अन्य कुनै निकाय तोकिएमा वा नेपाल राष्ट्र बैंकले मूल्य तथ्याङ्क सङ्कलन कार्य नगर्ने भएमा ।

(छ) बैंकले तोकेका अन्य सर्तहरू पालना नगरेमा ।

**४. सम्झौता अवधि र नवीकरण :-**

सर्त नं. ३ बमोजिम भङ्ग नभएमा यो सम्झौताको अवधि ........ साल .......... महिना ....... गतेदेखि एक वर्षसम्मको हुनेछ । सम्झौता समाप्त हुनु एक महिना अगावै प्रथम पक्षले द्वितीय पक्षलाई सम्झौता समाप्त गर्ने लिखित सूचना नदिएमा यो सम्झौता पुनः एक वर्षको लागि स्वतः नवीकरण भएको मानिनेछ ।

**५. अन्य :-**

(क) द्वितीय पक्षले एकतर्फी रूपमा सम्झौता भङ्ग गरेमा एक महिनाको आर्थिक सुविधाको रकम बैंकलाई फिर्ता भुक्तानी गर्नुपर्ने ।

(ख) यसमा उल्लेखित सर्तको हकमा यसै बमोजिम र उल्लेख नभएको अवस्थामा करार ऐन, २०५६ बमोजिम हुने ।

| **प्रथम पक्षको तर्फबाट** | **द्वितीय पक्षको तर्फबाट** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| छाप | छाप |

<u>**रोहवर साक्षी**</u>

| | |
|---|---|
| १. | ३. |
| २. | ४. |

इति सम्वत् ............ साल ............. महिना .......... गते रोज ............ शुभम् ।

*अनुसूची - ६*

# सीमावर्ती मूल्य सङ्कलनका लागि कायम गरिएका वस्तु तथा सेवाहरू

| **खाद्यान्न** | **दलहन** | **मसला** | **दुग्ध घिऊ तथा तेल** | **विविध** | **सागसब्जी तथा फलफूल** | **माछा तथा मासु** | **पेट्रोलियम तथा रासायनिक मल** | **श्रमिक ज्याला** | **होलसेलतर्फ** |
|---|---|---|---|---|---|---|---|---|---|
| चामल राम्रो (बासमती) | कालो दाल | नून | डेरीको दुध | लक्स नुहाउने साबुन | रातो आलु | खसीको मासु | मट्टीतेल | सिकर्मी ज्याला | मैदा |
| चामल (मनसुली) | रहर दाल | लसुन | लोकल दुध | लुगाधुने साबुन | सुकेको प्याज | कुखुराको मासु (बोइलर) | डिजेल | डकर्मी ज्याला | हर्लिक्स |
| चामल कोर्से | मुंग दाल | अदुवा | तोरीको तेल | चिनी | टमाटर | अण्डा | पेट्रोल | पुरुष लेवर | ल्याक्टोजिन |
| चिउरा | मुसुरो | जिरा | सोयाविन तेल | चिया रङ्ग (रेडलेवल) | बन्दा | माछा (रहु) | एलपी ग्याँस | महिला लेबर | वनस्पति घ्यू |
| आटा (गहँको पिठो) | मटर दाना | खुर्सानी | सूर्यमुखी तेल | नरिवल | फूलकाबी | | | | युरिया |
| | | धनियाँ | | सुपारी | केरा (हरियो) | | | | डिएपी |
| | | बेसार | | हरपिक | स्याउ | | | | पोटास |
| | | | | डिटरजेन्ट पाउडर (ह्विल) | सुन्तला | | | | सिमेन्ट लाफार्ज |
| | | | | सनसिल्क सेम्पु | जुनार | | | | रड १० एमएम |
| | | | | कोलगेट टुथपेस्ट | अनार | | | | ईंटा |
| | | | | | | | | | जस्तापाता |

**सीमावर्ती मूल्य सङ्कलनका लागि निर्धारित बजार केन्द्रहरू**

| अररिया (विराटनगर) | मुजाफरपुर (विरगञ्ज) | सितामणी (जनकपुर) | गोरखपुर (सिद्धार्थनगर) | बहराइच (नेपालगञ्ज) | बरेली (धनगढी) |
|---|---|---|---|---|---|